भजनी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :५ संख्या :३ प्रमाणिकरण मिति :२०७८/११/२२ प्रकाशन मिति :२०७८/११/२२

## भाग-२

## निजीस्रोत शिक्षक व्यवस्थापन कार्यविधि,२०७८

प्रस्तवना : यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र अध्यापन गर्नुपर्ने विषयका आधारमा शिक्षक दरवन्दी न्यून भई लामो समयदेखि पठनपाठनमा समस्या भएको कुरा विद्यालयहरूबाट पटक-पटक आउने गरेको र सो समस्या समाधान गर्न नगर शिक्षा समितिले उपलब्ध गराएको तथ्यांकको आधारमा नगरपालिका भित्रका विद्यालयमा नियुक्त निजिस्रोत शिक्षक व्यवस्थापन प्रक्रियालाई व्यवस्थित एवम् मर्यादित बनाई गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन वान्छनीय भएकोले भजनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम “ निजी स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) समिति भन्नाले नगर शिक्षा समिति,नगरपालिका स्तरीय निजी स्रोत शिक्षक छनौट समिति र विद्यालय स्तरीय निजी स्रोत शिक्षक छनौट समिति सम्झनु पर्छ ।

(ख) निजी स्रोत शिक्षक भन्नाले विद्यालयले आफ्नै स्रोतबाट त.भ.खाने गरी नियुक्त भएका शिक्षक सम्झनुपर्छ र नगरपालिकाले निजि शिक्षक सम्बन्धमा नीति बनाई लागु गर्नुपर्नेछ |

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भजनी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो पदको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनुपर्छ।

(घ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ)"विषयविज्ञ" भन्नाले बुदाँ ५को उपबुदाँ (२) बमोजिमको योग्यता पुगेको व्यक्ति सम्झनु पर्दछ ।

(च)"कार्यपालिका" भन्नाले भजनी नगरपालिका कैलालीको कार्यपालिका सम्झनुपर्दछ ।

(छ)"शाखा प्रमुख" भन्नाले भजनी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा सोको कामकाज गर्न तोकिएको नेपाल शिक्षा सेवाको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

### परिच्छेद-२
### निजि स्रोत शिक्षक सम्बन्धी व्यवस्था

**३. निजी स्रोत शिक्षकको योग्यता:**

**क)** निजी स्रोत शिक्षकको योग्यता प्रचलित कानुन र शिक्षक सेवा आयोग नियमावली बमोजिम हुनेछ ।

(ख) स्थायी अध्यापन अनुमतिपत्र नलिई नियुक्त भएका शिक्षकको दायित्व नगरपालिकाले लिने छैन |

४. **निजि स्रोत शिक्षकको विज्ञापन:** विद्यालयले निजी स्रोत शिक्षकको पद पूर्ति गर्दा वि.व्य.स. ले माध्यमिक र निम्न माध्यमिक तहको हकमा अनिवार्य विषयहरू अङ्ग्रेजी, गणित वा विज्ञान, नेपाली र सामाजिक अध्ययन विषयको पद पूर्ति भएपछि मात्र अन्य ऐच्छिक विषयहरू र थप अनिवार्य विषयको र प्राथमिक तहको हकमा प्रचलित कानुन तथा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि ,२०७७ बमोजिम शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा बाट अनुमति लिएर मात्र विज्ञापन गर्नु पर्नेछ ।यसरी अनुमति प्रदान गर्दा विद्यालयमा सम्बन्धित तहको विद्यमान स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान र निजी स्रोत शिक्षक कोटामा कार्यरत विषय शिक्षकहरूको गणना गरी निर्धारण गरिनेछ ।

## परिच्छेद-३
## समितिको गठन

**५.निजी स्रोत शिक्षक छनौट समिति**

(१) निजी स्रोत शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक निजी स्रोत शिक्षक छनौट समिति रहनेछ:-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सोसमितिको सदस्य- अध्यक्ष

(ख) शिक्षा शाखाको प्रतिनिधि –सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र अन्य तहका लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरीसम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी विषयविज्ञमा सूचीकृत व्यक्तिहरू मध्येबाट दुई जना-सदस्य

(घ) प्रधानाध्यापक- सदस्य सचिव

(२) उपदफा(१) को खण्ड (ग) को प्रयोजनका लागि शिक्षा शाखाले विषयविज्ञ सूची नियमित अद्यावधिक गरी राख्नुह पर्नेछ।

(३)उपदफा (१) को खण्ड (ग) को माध्यमिक तहको विज्ञान , गणित, अंग्रेजी,लेखा र कम्प्युटर विषयको शिक्षक छनौट प्रयोजनका लागि सम्बन्धित विषय मा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति उपलव्ध हुन नसकेमा स्नातक तह उत्तीर्ण र कम्तीमा २ वर्ष सेवा अवधि पुगेको व्यक्ति विषयविज्ञ सदस्यका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन ।

(४) यस समितिमा आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) यस नगरपालिकाको विज्ञसूचीबाट कुनै विषयको विज्ञ उपलव्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय एकाई कैलाली वा अन्य स्थानीय तहको विज्ञ सूची र अन्य विषयगत कार्यालयहरूमा कार्यरत विज्ञ कर्मचारी वा सेवा निवृत्त कर्मचारी विषयविज्ञका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन।

## परिच्छेद - ४
## समितिको काम कर्तव्य र अधिकार

**६. निजी स्रोत शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार :** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) यस कार्यविधि र प्रचलित कानून अनुसार सामुदायिक विद्यालयका निजी स्रोत शिक्षक छनोट परीक्षा सञ्चालन गर्ने,

(ख) निजी स्रोत शिक्षक नियुक्तिका लागि आवश्यक प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) शिक्षक छनोटका लागि आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सबै कार्य प्रचलित मापदण्ड अनुसार गर्ने,

(घ) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -५

## निजी स्रोत शिक्षक छनोट तथा परीक्षा सञ्चालन

**७.निजी स्रोत शिक्षक छनोट:** निजी स्रोत शिक्षकको छनोटको व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) निजी स्रोत शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयको लागि निर्धारण गरिएको पाठ्यक्रम र परीक्षा प्रणाली बमोजिम गरिनेछ ।

(ख) विद्यालयले कम्तीमा १५ दिनको विज्ञापन प्रकाशन गरी नगरपालिका, वडा कार्यालय, सम्बन्धित विद्यालय रअन्य सार्वजनिक स्थानहरूमा सूचना टाँस गरी त्यसको भरपाई वा मुचुल्का उठाइ सुरक्षित राख्नु पर्नेछ ।

(ग) उम्मेदवारले विज्ञापनका सबै शर्तहरू पूरा गरी तोकेको दस्तुर र आवश्यक कागजात सहित सम्बन्धित विद्यालयमा हस्त लिखित निवेदन दिनुपर्ने छ ।

(घ) विद्यालयले तोकिएको समयभित्र परेका निवेदन उपर छानविन गरी रीत पुगेको उम्मेदवारको सुची टाँस गर्नु पर्नेछ।

(ङ) शिक्षक छनोट समितिले तोकेको मिति र समयमा कार्यपालिकाको कार्यालय परिसर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सुरक्षित स्थानमा परीक्षा सञ्चालन गर्नु पर्ने छ |

(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको मात्र अन्तर्वार्ता लिइनेछ ।

(छ) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

(ज) लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा गरी सबैभन्दा बढी कुल प्राप्ताङ्क भएको उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गरिने छ र यसको सूचना टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।

**८.परीक्षा सञ्चालन:**

(क)निजी स्रोत शिक्षक छनौटमा खटिएका शिक्षक छनोट समितिका पदाधिकारी, कर्मचारीले प्रचलित कानुन बमोजिम परीक्षा सञ्चालन गर्नु पर्ने छ |

(ख) परीक्षामा खटिने समितिका पदाधिकारी, कर्मचारी, विषयविज्ञ लगायतले प्रचलित नियमानुसारको भत्ता पाउनेछन् ।

(ग) परीक्षा भवन तथा परिसरमा खटाइएका कर्मचारी, शिक्षक छनोट समितिका पदाधिकारी बाहेक अन्य कसैलाई प्रवेश गर्न अनुमति दिइने छैन।

(घ) परीक्षा सञ्चालन हुनु पूर्व छनोट समितिको वैठक राखी परीक्षा सञ्चालन सम्वन्धी मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन सम्वन्धी अभिमुखीकरण गर्नु पर्ने छ |

ङ) शिक्षा शाखाको प्रतिनिधिको रोहवरमा उत्तरपुस्तिकामा कोडिङ डिकोडिङको काम गरिने तथा निजकै रोहवरमा परीक्षा केन्द्रहाताभित्र विषयविज्ञबाट उत्तरपुस्तिका परीक्षण र आवश्यकतानुसार सम्परीक्षणको काम गरिनेछ ।

(च) सम्बन्धित विद्यालयको शिक्षकलाई यस समितिको सदस्य र विषयविज्ञको रुपमा समावेश गरिने छैन।

(छ) शिक्षक छनौट सम्बन्धी सम्पूर्ण निर्णयहरू निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्ने छ।

(ज) नगर कार्यपालिकाबाट स्वीकृत यस कार्यविधिलाई विद्यालय र शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नुपर्ने छ ।

(झ) परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन सम्वन्धित विद्यालयले गर्नुपर्ने छ।

## परिच्छेद- ६
## सेवा शर्त तथा सुविधा

**९. निजी स्रोत शिक्षकको सेवा सर्त तथा सुविधा** यस कार्यविधि अनुसार नियुक्त निजी स्रोत शिक्षकको सेवा शर्त तथा सुविधा देहाय बमोजिम हुनेछ:

(क) शिक्षक छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि निजि स्रोत शिक्षकको करार नियुक्ति गर्नेछ। यसरी गरिएको नियुक्ति नगरपालिकाबाट समर्थन गरिएको हुनु पर्नेछ ।

(ख) विद्यालयले खण्ड (क) बमोजिम नियुक्त निजी स्रोत शिक्षकको अभिलेख फाइल तयार गरी नियुक्त भएको १५ (पन्ध्र)दिनभित्र नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

ग)निजी स्रोत शिक्षकशिक्षण व्यवस्थापन अनुदान तथा अन्य सेवा सर्त सुविधा कार्यपालिकाले तोके बमोजिम हुने छ |

घ) निजी स्रोत शिक्षक शिक्षण व्यवस्थापन अनुदान सम्बन्धित विद्यालयको खातामा चौमासिक रुपमा निकासा दिन सकिने छ |

ङ) कार्यपालिकाले सामुदायिक विद्यालयहरुलाई निजी स्रोत शिक्षक शिक्षण व्यवस्थापन अनुदान निकासा दिदा आफ्नै आम्दानीको स्रोत भएका विद्यालयलाई थप घट गर्न सक्ने छ |

च) निजि स्रोत शिक्षकलाई नेपाल सरकार संघीय ऐन ,नियमावली तथा नगरपालिकाको नगर शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम नगर शिक्षकको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सक्ने छ |

(ज) कार्यरत विद्यालयको वि.व्य.स.को सिफारिसमा नगर शिक्षा समितिको निर्णयानुसार एक शैक्षिक सत्र पूरा सेवा गरेका निजी स्रोत शिक्षकको एक पटकमा १ वर्षमा नबढाई सेवा करारको म्याद थप गर्न सकिनेछ |

(झ) जुनसुकै कारणले सेवाबाट अलग भए पनि शिक्षकमा कार्यरत हुँदा अवधीको भुक्तानी पाउन बाँकी रहेको तलब भत्ता रकम नियमानुसार उपलब्ध गराइने छ |

**१०.बिदा काज तथा सरुवा सम्बन्धी व्यवस्था :**

१) निजि स्रोत शिक्षकले पाउने बिदा :विद्यालयको निजि स्रोतमा नियुक्त शिक्षकले देहाय बमोजिमका बिदाको सहुलियत लिन सक्ने छ |

क) भैपरी आउने बिदा बर्ष भरिमा– ६ दिन

ख) पर्व बिदा बर्ष भरिमा– ६ दिन

ग) बिरामी बिदा बर्ष भरिमा– १२ दिन

घ) सुत्केरी विदा सुत्केरी अघि वा पछि-९८ दिन

ङ) सुत्केरी स्याहार बिदा-१५ दिन

च) किरिया बिदा- १५ दिन

२) पर्व बिदा र भैपरी बिदा आधा दिन पनि लिन सकिने छ |

३) सुत्केरी बिदा बढीमा २ पटक मात्र लिन पाउने छन |

४) शिक्षक आफै किरिया बस्नु परेमा किरिया बिदा पाउने छ |महिला शिक्षकको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षकले किरिया बिदा पाउने छ |

५) बिदा दिने अधिकारी : निजि स्रोत शिक्षकको विदा प्र.अ.ले स्वीकृत गर्ने छ | एक हप्ता भन्दा बढी अवधिको लागि बिदा लिनु परेमा वि.व्य.स.बाट स्वीकृत गर्नु पर्ने छ |

६) कुनै शिक्षकले बिदा नलिई विद्यालयमा अनुपस्थित भएमा उक्त दिनको गयल जनाई सो दिनको तलब कट्टी गरिने छ |

७) बिदा सहुलियत मात्र हुने :बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुन सक्ने छ |

८) काज तथा दैनिक भ्रमण भत्ता :विद्यालयको कामको सिलशिलामा विद्यालय बाहिर बस्नु पर्ने गरि खटिने शिक्षकले विद्यालयको नियम अनुसार काज पाउने छ | यसरी काजमा खटिएको शिक्षकले विद्यालयको कोषबाट नियमानुसार दैनिक भ्रमण भत्ता पाउन सक्ने छ |

९) सरुवा सम्बन्धी व्यवस्था :नगरपालिकाले आवश्यकताको आधारमा दोहोरो वि.व्य.स.को सहमति लिईबिषय र तह मिल्ने भएमा घर पायक हुने गरि सरुवा गर्न सक्ने छ |

१०) शिक्षण व्यवस्थापन अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्न सकिनेछ | कुनै शिक्षकको नियुक्ति भएको तह भन्दा माथिल्यो तहमा अध्यापन गराई रहेको भए माथिल्लो स्तरमा अध्यापन गराए बापत थप सुबिधा दिइ काममा लगाउन सकिनेछ तर थप सुबिधा सहित माथिल्लो तहको पारिश्रमिक प्रचलित नियम भन्दा बढी दिन पाइने छैन |

११) दण्ड सजाय :दण्ड सजाय तथा अन्य व्यवस्था प्रचलित ऐन कानुन बमोजिम हुने छ |

## परिच्छेद -७

## विविध

**११.** यस कार्यविधिमा उल्लेख भएका कुरा यसैबमोजिम हुने र यो कार्य विधि जारी हुनु पुर्व सामुदायिक विद्यालयमा प्रचलित कानुन बमोजिम नियुक्त निजी स्रोत शिक्षक यसै बमोजिम भएको मानिने छ |

**१२.बाझिएमा अमान्य हुने** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म मान्य हुने छैन ।

**१३.बाधा अड्काउ हटाउने अधिकार:** यस कार्यविधिको कार्यान्यनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१४.संशोधन र खारेजी:** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी संसोधन वा खारेज गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत